# गैडाकोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

गैडाकोट,नवलपरासी (व.स.पू) गण्डकी प्रदेश,नेपाल

## विज्ञापन करको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/१३

दोस्रो पटक प्रकाशित मितिः २०७७/१२/०५

तेस्रो पटक प्रकाशित मितिः २०७७/१२/१३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयको आ.व.०७७/०७८ का लागि विज्ञापन कर उठाउने कार्य ठेक्का द्वारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मबाट तपसिलको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

## ठेक्का सम्बन्धि शर्तहरु

**१)** सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखावाट रु १०००। (फिर्ता नहुनेगरि) तिरि खरिद गर्न सकिनेछ। यसका लागि **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्र, फर्म/ संस्था दर्ताको प्रमाणपत्रको** प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ।

**२)** ठेक्का कबोल अंक मू.अ.कर बाहेक रु ६००,०००.००।–(छ लाख मात्र) लाई न्युनतम अंक कायम गरिएको छ।

**३)** कबोल अंक अनुसारको रकम सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन सकिनेछ।

**४)** कबोल अंक अनुसारको रकम किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७८ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ।

**५)** दरभाउ पत्र फारम सूचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरि सक्नुपर्नेछ। पर्न आएका दरभाउ पत्र सोहि दिन दिनको २:०० बजे खोलिनेछ।

**६)** सिलबन्दी दरभाउ पत्रसाथ आँफुले काबुल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने रकम र गैह नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गैडाकोट शाखामा रहेको तपशिल बमोजिमको खातामा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैक जमानत पत्र

**बैक खाता सम्बन्धि जानाकारी**

बैकको नामः- राष्ट्रिय बाणिज्य बैंक, गैंडाकोट शाखा

कार्यालयको नामः- गैंडाकोट नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोडः- ८०४४६४०२

कार्यालयको खाता नं.   ३३५०१००३०४०१०००२ ग-४-१ ( फारम दस्तुरको लागि)

३३५०१००३०३०००००२ ग-३ (धरौटी रकमको लागि ) बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ।

**७)** माथि उल्लेखित न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन। ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम  समेत बुझाउनु पर्नेछ।

**८)** ठेक्का अवधि तीन आर्थिक बर्षको हुनेछ । ठेक्काको नबिकरण प्रत्येक आर्थिक बर्षको बक्यौता भुक्तान गरिसकेपछि अघिल्लो आ.ब. मा कायम गरिएको न्युनतम राजश्वमा १०% थप गरि न्युनतम अंक कायम गरिनेछ । ठेक्का नबिकरण बापत बुझाउनु पर्ने रकम तथा कागजात चालु आ.व. को साउन मसान्त भित्र बुझाएपछी मात्र नबिकरण भएको मानिनेछ । सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह करको रकम असुलउपर गरिनेछ। पछिल्ला २ वर्षको ठेक्का रकम मध्ये आ.ब. सुरु भएको ३० भित्र सम्झौता अंक बापतको रकम एकमुष्ट बुझाएमा १०% छुट दिईने छ र किस्ताको रुपमा बुझाउन चाहेमा नबिकरणका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको आगामी आ.ब. को श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

**९)** बन्द हड्ताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन।

**१०)** ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

**११)** तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।

**१२)** अन्य जानकारिको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**१३)** तल उल्लेखित विषयहरु र सोको लागि तोकिएको दर बमोजिम विज्ञापन कर उठाउन सकिने छ ।

- यसमा उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- आ.व २०७७/०७८ का लागि विज्ञापन करका क्षेत्र र दरहरु तल उल्लेख भए बमोजिम हुनेछ । कर संकलन गर्दा अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नुपर्नेछ ।

| क्र.सं | होर्डिङ वोर्ड सहितको विज्ञापन सामाग्रिको वार्षिक दस्तुर (रु प्रति स्क्वायर फिटमा ) | विज्ञापन करको दर रु |
|---|---|---|
| १ | १२ स्क्वायर फिट सम्म | ८००।- |
| २ | सो भन्दा माथि २०स्क्वायर फिट सम्म | १२००।- |
| ३ | सो भन्दा माथि थप प्रति स्क्वायर फिट | ४०।- |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | २०।- |
| ५ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट सम्म पसल वाहिरका | ८००।- |
| ६ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट भन्दा माथि पसल वाहिरका | १२००।- |
| ७ | पोल व्यानर सानो एक हप्ता सम्मको (एक हप्ता पछि व्यानार निकाल्नु पर्ने छ ।) | ३००।- |
| ८ | लामो व्यानर रोडक्रस गरिएको एक हप्ता सम्मको (एक हप्ता पछि व्यानार निकाल्नु पर्नेछ ।) | ५००।- |
| ९ | सार्वजनिक स्थानमा राखिएको प्रचारप्रसार सामाग्रिमा लाग्ने रकममा २० प्रतिशत रकम थप गरि रकम असुलि गर्न पाइने छ । | |
| १० | निजि सम्पति भवन , टहरा, जग्गामा समेत विज्ञापन गरे वापत न.पा.ले कर लिन पाउने छ । | |
| ११ | एल.ई.डि भिडियो डिस्प्ले वोर्ड प्रति स्क्वायर फिट वार्षिक | ८००।- |
| १२ | आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान बोर्ड व्यवसायीले आफ्ना पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउनेछन् र १ भन्दा धैरै बोर्ड राख्नुपरेमा माथिको दररेटमा सम्वन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनुपर्नेछ । | |

- सूर्तिजन्य र मदिराजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रु १००।–